नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# मुस्ताङ भन्सार कार्यालय

नेचुङ, मुस्ताङ

फोन नं.: ०६९-४४०३८८

दर्ता नं. २०८२।३।१४

## भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम (२) बमोजिम खुला बोलकबोलद्वारा वस्तु लिलाम बढाबढ गर्ने वारेको सूचना

(पहिलोपटक सूचना प्रकाशित मितिः२०८३/०३/०४)

विभिन्न निकायबाट चोरी पैठारीको कसूरमा कब्जामा लिई प्रतिवेदनसाथ यस कार्यालयमा दाखिला भएको तपसिलमा उल्लेख भए बमोजिमका वस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम (२) बमोजिम लिलाम बिक्रीको लागि खुला बोलकबोलको माध्यमद्वारा मिति २०८३/०३/१९ गतेका दिन दिउसो १२:०० बजे देखि २:०० बजेसम्म (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) जोमसोम स्थित मुस्ताङ भन्सार कार्यालयमा डाँक बढाबढ गरिने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थाले तोकिएको दिनमा वस्तुको डाँक बढाबढ गर्नुहोला। अन्य थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्नुहुन तथा यस कार्यालयको वेभसाइट mustang.customs.gov.np र भन्सार विभागको वेभसाइट customs.gov.np मा समेत हेर्नुहुन अनुरोध छ।

तपसिल

| क्र.सं. | मुद्दा नं र दर्ता मिति | वस्तुको विवरण | इकाई | परिमाण | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४/२०८१/०१/३१ | Aosiman Chinese Whisky 500ml मदिरा ३१ कार्टुन | बोतल | ३७२ | १८६००/ | |
| २ | १/२०८१/१०/२७ | जुत्ता | जोर | ८ | २०००/ | |
| | | भुवादार एप्रोन | थान | २ | ५००/ | |
| | | सफ्ट ट्वाइलेट पेपर | थान | ६० | ८००/ | |
| | | Aosiman WHISKY (500 ml) | बोतल | ४८ | २४००/ | |
| ३ | २/२०८२/०२/१४ | चौरीको पुच्छर | थान | २९ | २३२००/ | |
| ४ | १/२०८२/०६/२२ | जुत्ता (नाइक एयर) | जोर | २२ | २३१००/ | |
| ५ | २/२०८२/०९/११ | चकलेट | कार्टुन | ६ | १२०००/ | |
| | | कालो/सेतो चौरी गुडियाहरु | थान | २० | ५०००/ | |
| | | कालो टोपी | थान | १० | ४०००/ | |
| | | लेडिज टिसर्ट | थान | २८ | ६३००/ | |
| | | पञ्जा | जोर | १२ | ३६०/ | |
| | | लेडिज शुरुवाल | थान | ६ | १५००/ | |
| | | लेडिज कोट | थान | ३ | १५००/ | |
| ६ | ४/२०८२/१०/०४ | चकलेट | कार्टुन | ६ | १२०००/ | |
| | | Whisky (Written in Chinese)100ml (४८ बोतल) | कार्टुन | ४ | ४८०/ | |
| ७ | ६/२०८३/०१/०९ | Aosiman WHISKY 500ml ८४ बोतल | कार्टुन | ८ | ४२००/ | |

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# मुस्ताङ भन्सार कार्यालय

नेचुङ, मुस्ताङ

फोन नं.: ०६९-४४०३८८

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ८/२०८३/०२/१० | Aosiman Brand को WHISKY (500 ml) (२४ बोतल) | कार्टुन | २ | १८००/ | |
| | | Aosiman Brand को Special Fine Brandy (700 ml) (२४ बोतल) | कार्टुन | २ | | |

शर्तहरु

१) फर्म/कम्पनी/संस्थाले लिलाम बढाबढ गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र मदिराको हकमा अन्तःशुल्क दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

२) माथि उल्लिखित वस्तुहरु मध्ये मदिराको हकमा न्यूनतम मूल्यमा प्रचलित कानूनमा तोकिए बमोजिमको अन्तःशुल्क र मू.अ. कर लाग्नेछ भने सो वाहेकका वस्तुको हकमा न्यूनतम मूल्यमा मू.अ. कर लाग्नेछ।

३) इच्छुक फर्म/कम्पनी/संस्थाले वस्तु हेर्न चाहेमा सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र कार्यालय समयमा जोमसोम स्थित मुस्ताङ भन्सार कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ।

४) लिलाम सकार गर्न बोलकबोल शुरु हुनु अघि नै न्यूनतम मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नुपर्नेछ र कबोल अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानुपर्नेछ।

५) मुचुल्काको आधारमा रीत पुगेको मध्ये न्यूनतम मूल्य वा सो भन्दा बढी रकम कबोल गर्ने व्यक्तिको कबोल अङ्क स्वीकृत गरिनेछ।

६) कबोल अङ्क स्वीकृत गर्दा रीतपूर्वक भएको र न्यूनतम मूल्यभन्दा बढी अङ्क कबोल गर्ने व्यक्ति एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कबोल गर्नेको कबोल अङ्क स्वीकृत गरिनेछ।

७) कबोल गरेको रकम समान भएमा उक्त व्यक्तिहरुवीच गोलाप्रथाद्वारा निर्णय गरिनेछ।

८) कबोल अङ्क स्वीकृत भएको जानकारी यस कार्यालयको सूचनापाटीमा सूचना टाँस गरी गरिनेछ। लिलाम सकार गर्ने फर्म, कम्पनी वा संस्थाले स्वीकृत भएको मितिबाट ७ दिनभित्र प्रचलित कानून बमोजिम लाग्ने कर, शुल्क तथा महसुल बुझाइ वस्तु उठाई लैजानुपर्नेछ।

९) कबोल अङ्क स्वीकृत भएको व्यक्तिले तोकिएको म्यादभित्र वस्तु उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी न्यूनतम मूल्य भन्दा बढी कबोल गर्ने र रीतपूर्वक भएको क्रमशः दोस्रो, तेस्रो वा चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गरिनेछ।

१०) यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।